# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०७७/०७८
च. नं.:

मिति: २०७८/०१/१०

श्री वडा कार्यालय/सामुदायिक तथा निजी विद्यालय (सबै),
सत्यवती गाउँपालिका, गुल्मी ।

विषयः CCMC बैठकका निर्णयहरु कार्यान्वयन गर्नुहुन ।

सत्यवती गाउँपालिका स्तरीय CCMC को मिति २०७८/०१/१० गते बसेको बैठकका तपसिलका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिल:

**निर्णय नं. १:** कोभिड -१९ रोग नियन्त्रण तथा रोकथामको लागि भारत तथा तेस्रो मुलुकबाट आउने व्यक्तिहरु अनिवार्य रुपमा १० दिन होम क्वारेन्टीनमा बस्नु पर्ने र ति व्यक्तिहरुको रेखदेख तथा व्यवस्थापन सम्बन्धित वडा तथा स्वास्थ्य संस्थाहरुले गरी प्रत्येक दिन गाउँपालिकाको स्वास्थ्य शाखामा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. २:** विवाह तथा अन्य धार्मिक कार्यहरु गर्दा सम्बन्धित वडा तथा गाउँपालिका जानकारी गराई नेपाल सरकारले तय गरेको आवश्यक स्वास्थ्य सेवाका मापदण्डहरु पालना गरी गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** सत्यवती गाउँपालिका भित्रका सामुदायिक तथा निजी विद्यालयहरुमा यस शैक्षिक सत्रको वार्षिक परीक्षा वैशाख मसान्त भित्र स्वास्थ्य मापदण्ड अपनाएर सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** PCR पोजेटिभ भई संक्रमित व्यक्तिहरु अनिवार्य रुपमा १४ दिन होम आइसोलेसनमा बस्ने तथा कुनै स्वास्थ्य समस्या देखिएमा नजिकको स्वास्थ्य संस्था वा जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** विभिन्न व्यापार, व्यवसाय संचालन गर्दा अनिवार्य रुपमा कम्तिमा १ मिटर टाढा हुने गरी डोरीको बार बनाई दुरी कायम गर्नुपर्ने तथा आफू र ग्राहकहरुलाई पनि मास्क तथा स्यानिटाइजर अनिवार्य रुपमा प्रयोग गर्ने/ गराउने निर्णय गरियो ।

१/१०

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo


प्रमुख प्रशासकीय अधिकृत